# छिपहरमाई गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
प्रदेश नं २, नेपाल

## ज्याकेट तथा लेडिज स्वीटर र ट्राउजर खरिदका लागि सिलबन्दी बोलपत्र आह्वानको सुचना

**दोश्रो पटक प्रकाशित सुचना मिति : २०७५/०८/०२**

यस कार्यालयको आ.ब ०७५/०७६ गाँउ सभाबाट स्वीकृत कार्यक्रम बमोजिम यस गाँउपालिका अन्तरगतका जेष्ठ नागरिकहरुको लागि न्यानो कपडा वितरण कार्यक्रम अन्तरगतको लागि ज्याकेट तथा लेडिज स्वीटर र ट्राउजर आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक कम्पनी/फर्म वा सप्लायर्सहरुबाट निम्न अनुसारको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. बोलपत्र फारम सुचनामा उल्लेखित दरले दस्तुर(फिर्ता नहुने गरी) तिरी यो सुचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समयमा छिपहरमाई गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय भिस्वा पर्सा बाट प्राप्त गर्न सकिने छ।

२. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ८ ओं दिन मध्यान १२:०० बजे सम्म कार्यालय समयमा नै दर्ता गरी सक्नुपर्ने छ।

३. बोलपत्र कार्यालय प्रतिनिधि र बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा सोहि दिन अपरान्ह २:०० बजे कार्यालयमा खोलिनेछ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. खरिद गर्ने समानको स्पेसिफिकेशन बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ।

५. कार्यालयले आवश्यक ठहराएमा कपडाको नमुना माग गर्न सक्नेछ।

६. बोलपत्र साथ कबोल गरेको कुल मुल्यको २.५ प्रतिशतले हुन् आउने रकमका यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक आदर्शनगर वीरगंज स्थितमा रहेको धरौटी खाता नं १२५०३०३००७१०२ मा जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र को अन्तिम मितिबाट लागु हुने गरि जारी भई कम्तिमा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्ने छ।

७. म्याद नाघी आएका, रित नपुगेका र शर्त राखिएको प्रस्ताव उपर कुनै कार्यवाहि हुने छैन।

८. बोलपत्र पुण वा आशिंकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यलयमा निहित रहनेछ।

९. यो सुचनामा उल्लेख नभएका अन्य कुराको हकमा सर्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१०. अन्य जानकारीको लागि यस कार्यलयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| क्र.स | स्पेशिफीकेसन | अनुमानित परिमाण | जम्मा बजेट रु | धरौटी रकम | फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ज्याकेट | ५८० पिस | रु १३,००,०००/- अक्षरेपी रु तेरह लाख मात्र। | रु ३२,५००/- | रु १,०००/- |
| २ | लेडिज स्विटर | ६२० पिस | | | |
| ३ | ट्राउजर | १२०० पिस | | | |

योजना प्रमुख

Scanned by CamScanner